श्री

राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री नर नाथ गिरी

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं

**फैसला**

२०७६/०७७ सालको निर्णय नं. ११२

पुनरावेदन नं. ०७५-RB-०३४२

धनुषा जिल्ला जनकपुर न.पा.वडा नं.९ स्थित कार्यालय रही हाल संचालनमा रहेको कालिका रमण संयुक्त उपक्रम स्थायी लेखा नं. ६०२३३४२१३ "J.V.Construction of new B.G. Railway line Between Jayanagar (India)-Bardibas(Nepal), Tender no. *IRCON-CC-e-TN-JBRLP-2050-14-712"* का अख्तियार प्राप्त व्यक्ती ऐ.को प्रमुख प्रशासकिय अधिकृत भोला भण्डारी............................१ } पुनरावेदक

**विरुद्ध**

नेपाल सरकार, अर्थ मन्त्रालय भन्सार विभाग, जलेश्वर भन्सार कार्यालय महोत्तरी...१

ऐ.का प्रमुख भन्सार अधिकृत.................................................................१ } प्रत्यर्थी

**मुद्दा : भन्सार महसुल(M29)।**

शुरु निर्णय गर्ने कार्यालय : श्री जलेश्वर भन्सार कार्यालय, महोत्तरी

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार अधिकृत श्री केशव कुमार भण्डारी

शुरु निर्णय मिति :२०७५।१२।१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री तारादेव जोशी

प्रत्यर्थीको तर्फबाट : विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारी

श्री जलेश्वर भन्सार कार्यालयबाट भएको मिति २०७५।१२।१५ को निर्णय उपर चित्त नबुझी भन्सार ऐन, २०६४ को दफा ६१ तथा ६२ एवं राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पुनरावेदन पत्र दर्ता भै सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

## मुद्दाको तथ्य

१. कालिका रमण जे.भी.ले जयनगर बर्दिबास अन्तर्गत रेल्वे प्रोजेक्टको निर्माण कार्यको लागि रेल्वे विभाग र भन्सार विभागको सुविधा पत्र आउन कम्तीमा ७(सात) दिन लाग्ने भएकाले हालको लागि जाँचपासको निम्ति ल्याएको ४(चार) वडा गाडीको २७०० बोरा भारतीय सिमेन्ट धरौटिमा जाँचपास गरिदिनु हुन र सुविधाको पत्र आई सकेपछि उक्त धरौटी फिर्ताको कार्य अगाडि बढाई सहयोग गरिदिनु हुन भन्ने बारेको रेल्वे निर्माणका निर्माण व्यवसायिको मिति २०७५/०८/२८ को पहिलो निवेदन।

२. सम्बन्धित निकायबाट त्यस्तो सुबिधाको आधिकारिक पत्र ७(सात) दिनभित्र कार्यालयमा प्राप्त नहुँदै मिति २०७५/०९/१८ मा त्यस्तो सुबिधा प्राप्त हुन अझै ७ दिन लाग्न गएकोमा रेल्वे निर्माणको निर्माण सामाग्री भारतीय सिमेन्ट १० गाडी अर्थात ६६८० बोरा धरौटिमा जाँचपास गरिदिन हुन र तिनै परिमाणको लागि सुविधाको पत्र प्राप्त भएपछि धरौटी फिर्ताको कारवाही अगाडि बढाई दिनुहुन भन्ने निर्माण व्यवसायिको पुन अर्को निवेदन र अनुरोध।

३. मिति २०७५/०९/01 र मिति २०७५/०९/२७ को श्री भन्सार विभागको पत्रानुसार मास्टर लिष्टमा समावेश भएका क्रमश २७०० र ६६८० बोरा सिमेन्टको लगत राखी छुट सुविधामा जाँचपास गर्न निर्देशन प्राप्त भएको। आयातकर्ता निर्माण व्यवसायीले विभागमा घरौटीमा जाँछपास भईसकेको मालको व्यहोरा उल्लेख नगरी छुट सुबिधाको प्रकृया अगाडि बढाएको। मास्टर लिष्टमा समावेश भएका तिनै मालहरु धरौटीमा जाँचपास भईसकेकाले ती निर्माण सामाग्रीहरुको महसुल धरौटी फिर्ताको लागि निर्देशन प्राप्त नभएको।

४. पैठारीकर्ता निर्माण व्यवसायीले जाँचपासको क्रममा मिति २०७५/०८/२८ को जाँचपासको प्र.द.नं. एम ४८९८ मा २७०० परिमाणको सिमेन्टको बोराको लागि रु.९,२३,४०५/- र मिति २०७५/०९/१८ को जाँचपासको क्रममा प्र.द.नं. एम २९ मा परिमाण ६६८० बोरा सिमेन्टको रु. २२,४७,८५७/- धरौटी महसुल राखेको।

५. पैठारीकर्ता कालिका रमण जे.भी.ले आयोजनाका लागि छुट सुबिधामा ल्याइको भनिएका निर्माण सामाग्रीहरु छुट सुविधाको प्रमाण बेगर भन्सार कार्यालयमा जाँचपासको लागि ल्याएको, जुनसुकै समयमा जम्न सक्ने हुनाले भन्सार यार्डमा सिमेन्ट राखी छुट सुविधा पर्खन व्यवहारिक नभएको, रेल्वेको निर्माण कार्यमा तत्कालै प्रयोग गर्नुपर्ने जिकिरको कारणबाट सोही प्रकृतिका अन्य कन्साइनमेन्टहरु समेत नियमित रुपमा छुट सुविधामा जाँचपास भएको हुँदा धरौटीमा तत्काले जाँचपास गरी सहजीकरण गरिदिएको, यस समयमा आयातकर्ता निर्माण व्यवसायिले छुटको प्रकृया अगाडि बढाएको प्रमाण र पत्राचारहरु समेत निवेदनसाथ पेश गर्न नसकेको साथै मासटर लिष्टमा परेका त्यस्ता खपत भई जाने निर्माण

सामाग्रीहरुको लगत राखी छुटमा आयात गर्न दिने बिभागको आदेश र पत्र बिना आयात भएको मालको महसुल धरौटी फिर्ता दिन मिल्ने नदेखिएको लगायतका तथ्यहरुबाट पैठारीकर्ता कालिका रमण जे.भी.ले बिभिन्न मितिमा छुट सुविधाको निर्णय हुनु अघि धरौटीमा महसुल दाखिला गरी जाँचपास गरेको प्रकरणको धरौटी रकम सदर स्याहा हुने ठहरेकाले उक्त रकमहरु क्रमश रु.२२,४७,८५७/- र रु.९,२३,४०५/- फिर्ता नहुने भएको कारणबाट आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ६३ बमोजिम राखेको धरौटीको सो रकमहरु सदर स्याहा गरी सोही नियमको नियम ६४ बमोजिम राजस्वमा दाखिला भन्ने समेतको श्री जलेश्वर भन्सार कार्यालयबाट मिति २०७५/१२/१५ मा भएको निर्णय।

६. करदाताले भारत सरकारको आर्थिक सहयोगमा आरतको जयनगरदेखि नेपालको बर्दिवाससम्मको रेलवे लाईन विस्तार र निर्माणको लागि आह्वान भएको **Tender No. IRCON-CC-e-TN-JBRLP-2050-14-712** बोलपत्रमा छनौट भई निर्माणाधिन रेलवे मध्ये धनुषा जिल्लाको **Chainage 27+336 KM** सम्मको **Civil worksd** निर्माण कार्यको लागि आयात गर्ने **Consumable(Annexure-1)** तथा **Non Consumable(Annexure-2)** मा समावेश भएका बस्तुहरु **MOU** को **Articles X** बमोजिम राजस्व छुट सुविधामा सम्बन्धित भन्सार कार्यालयहरुबाट लगत राखी आयात गर्न दिने र सो को विवरण भन्सार विभागमा पठाउने भनी मिति २०७१/०८/०८ मा नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय बमोजिम नेपाल सरकार अर्थ मन्त्रालय, अन्तरराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले भन्सार विभागलाई पत्राचार गरी सोही निर्णय बमोजिम माष्टर लिष्टमा समावेश गरिएको वस्तु र परिमाण समेत भन्सार विभागलाई मिति २०७१/०८/१६ च.नं. १२१२ मार्फत पत्राचार गरिएको व्यहोरा विपक्षी कार्यालयको जानकारीमा समेत रहेको छ। करदाताले माष्टर लिष्टमा समावेश भएका खपत हुने र खपत नहुने बस्तुहरु भन्सार महसुल छुट सुविधामा मिति २०७५/०९/१८ भन्दा पहिला जाँचपास गरी आयात गरेको छ। यसप्रकार पुनरावेदक करदाताले ठेक्का सम्झौता बमोजिम निर्माण कार्यमा प्रयोग हुने बस्तुहरु फरक फरक मितिका फरक फरक प्रज्ञापनपत्र मार्फत आयात गरी भन्सार महसुल छुट सुविधामा जाँचपास गर्दै आईरहेकोमा अवस्था समेतका कारणबाट भन्सार कार्यालय जलेश्वरबाट पुनरावेदक कम्पनीले भारत सरकारको आर्थिक सहायतामा निर्माणाधिन रेल मार्ग निर्माण र विस्तार आयोजनाका लागि खपत हुने बस्तु भनी माष्टर लिष्टमा समावेश भएको बस्तु सिमेन्ट ६६८० बोरा मिति २०७५/०९/१८ मा आयात गर्दा भन्सार जाँचपासको क्रममा धरौटीमा राखेको रकम रु. २२,४७,८५७/- फिर्ता गर्नुपर्नेमा धरौटी फिर्ता नगरी सदरस्याहा गर्ने भनी भएको विपक्षीको मिति २०७५/१२/१५ को निर्णय कानून विपरित र नेपाल सरकारको अर्थ मन्त्रालयको

मन्त्रीस्तरीय निर्णय र लिखित सम्झौताको शर्त विपरित भएको हुँदा उक्त निर्णय बदर गरी धरौटी फिर्ता दिलाई पाउँ भन्ने समेतको पुनरावेदकको पुनरावेदन जिकिर।

७. यसमा मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६/०५/१८ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सुचीमा चढी ईजलास पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक कालिका रमण जे.भी. कन्स्ट्रक्सनका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री तारादेव जोशीले पैठारीकर्ता पुनरावेदकले नेपाल सरकारको मिति २०७१/०८/०८ को निर्णय पत्र, भन्सार विभागको मिति २०७५/०९/२७ को सिफारिश पत्र, **MOU** को **Articles X** मा उल्लेखित लिष्टमा समावेश भएका बस्तुको आयातमा भन्सार महसुल, शुल्क, मु.अ.कर छुट दिने भनी भएको शर्त, भन्सार नियमावली २०६४ को नियम ५५ को कानूनी व्यवस्था र भन्सार ऐन, २०६४ को दफा ६२(१) समेतको आधारमा पुनरावेदक कम्पनीले भारत सरकारको आर्थिक सहायतामा निर्माणाधिन रेल मार्ग निर्माण र बिस्तार आयोजनाको लागि खपत हुने बस्तु भनि माष्टर लिष्टमा समावेश भएको बस्तु सिमेन्ट आयात गरेको र सो क्रममा भन्सार जाँचपास गर्दा राखेको धरौटी फिर्ता नगरी सदरस्याहा गर्ने भनी जलेश्वर भन्सार कार्यालयबाट भएको निर्णय कानून विपरित भएको हुँदा सो निर्णय बदर गरी धरौटी रकम फिर्ता दिलाई पाउँ भनी तथा प्रत्यर्थी जलेश्वर भन्सार कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान शाखा अधिकृत श्री टेकनाथ अधिकारीले पैठारीकर्ता कालिका रमण जे.भी.ले आयोजनाका लागि छुट सुबिधामा ल्याइको भनिएका निर्माण सामाग्रीहरु छुट सुविधाको प्रमाण बेगर भन्सार कार्यालयमा जाँचपासको लागि ल्याएको कारणबाट पैठारीकर्ता कालिका रमण जे.भी.ले बिभिन्न मितिमा छुट सुविधाको निर्णय हुनु अघि धरौटीमा महसुल दाखिला गरी जाँचपास गरेको प्रकरणको धरौटी रकम सदर स्याहा हुने गरी जलेश्वर भन्सार कार्यालयबाट भएको निर्णय कानूनसम्मत तथा बिधिसम्मत रहेको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा जलेश्वर भन्सार कार्यालयबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा केन्द्रित भै निर्णय दिनुपर्ने देखियो।

१०. अब निर्णयतर्फ विचार गर्दा, यसमा पुनरावेदक कालिका रमण संयुक्त उपक्रमले भारत सरकारको सहयोगमा भारतको जयनगरदेखि सितापुर भंगाहसम्मको रेल लाईन निर्माण कार्यको लागि नेपाल-भारत सरकारबीच भएको सम्झौताको **Article X** अनुसार **Master**

**List** मा परेका सामानहरु पैठारी गर्दा सम्बन्धित भन्सार कार्यालयमा लगत राखी राजस्व छुट सुविधामा आयात गर्न दिने नेपाल सरकारको मिति २०७१/०८/०८ को मन्त्रीस्तरीय निर्णय, अर्थ मन्त्रालय, अन्तराष्ट्रिय आर्थिक सहायता महाशाखाबाट स्वीकृत माष्टर लिष्ट र भन्सार विभागको पत्र समेतको आधारमा पुनरावेदकले प्र.द.नं.**M**२९ मिति २०७५/०९/१८ बाट पैठारी गरेको सामान धरौटी राखी पैठारी गरेकोमा पछि पुनरावेदकले छुट सुविधाको पत्र पेश गरेपनि उक्त धरौटी सदरस्याहा गर्ने गरी मिति २०७५/१२/१५ मा निर्णय भएको देखियो। संलग्न मिसिल कागजातका आधारमा हेर्दा नेपाल र भारत सरकार बीचको सम्झौता बमोजिम उक्त योजनामा खपत हुने बस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मू.अ.कर छुट हुने देखिएकोले भन्सार विभागको छुट सम्बन्धी निर्णय मिति भन्दा अघि पैठारी गरेको वस्तुमा भन्सार छुट नहुने भन्न मिलेन।

११. साथै जलेश्वर भन्सार कार्यालयबाट आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ६३ बमोजिम राखेको धरौटी सदर स्याहा गरी सोही नियमावलीको नियम ६४ बमोजिम राजस्वमा दाखिला गर्नु भन्ने निर्णय भएकोमा भन्सार महसुल वापतको धरौटी राख्ने र सदर स्याहा गर्ने कार्य भन्सार ऐन, २०६४ बमोजिम नै हुनुपर्नेमा यसमा आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०६४ आकर्षित हुने देखिदैन। तसर्थ पुनरावेदकले भन्सार महसुल छुट सुविधा पाउने नै देखिँदा प्रत्यर्थी कार्यालयले सदर स्याहा गरेको धरौटी पुनरावेदकलाई फिर्ता दिनुपर्ने देखिन आयो।

१२. अत माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा स्थायी लेखा नं. ६०२३३४२१३ का पुनरावेदक करदाता कालिका रमण जे.भी. कन्स्ट्रक्सनले मिति २०७५/०९/१८ मा पैठारी गरेको प्रज्ञापनपत्र अनुसारको कागजातको आधारमा शुरु जलेश्वर भन्सार कार्यालयबाट करदाताले राखेको धरौटी रकम सदर स्याहा गर्ने गरी मिति २०७५/१२/१५ मा गरेको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अरु तपसील बमोजिम गर्नू।

## तपसील

माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता श्री कालिका रमण जे.भी. कन्स्ट्रक्सनले मिति २०७५/०९/१८ मा पैठारी गरेको प्रज्ञापनपत्र अनुसारको कागजातको आधारमा शुरु जलेश्वर भन्सार कार्यालयबाट करदाताले राखेको धरौटी रकम सदर स्याहा गर्ने गरी मिति २०७५/१२/१५ मा गरेको निर्णय मिलेको नदेखिँदा उल्टी ठहरेकोले पुनरावेदकले पुनरावेदन गर्दा धरौटी राखेको रकमबाट एकिन हिसाब गरी पुनरावेदक करदातालाई सो हदसम्मको रकम फिर्ता दिनु भनी शुरु कार्यालयलाई लेखी पठाईदिनु---------------------१

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु--------------------------२

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु---------------------------------------------------------------------------३

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु------------------------------------------------४

नर नाथ गिरी
(राजस्व सदस्य)

उक्त रायमा हाम्रो सहमती छ ।

पुष्प प्रसाद गुरागाईं
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-शाखा अधिकृत प्रमोद रिजाल

इति सम्वत् २०७६ साल माघ महिना १६ गते रोज ५ शुभम् ................................................